# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

**बुधबारे कृषि बजारभित्र रहेका सटर/कोठा भाडामा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र/शिलवन्दी दरभाउपत्र आह्वानको सूचना।**

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०६/१७ गते)

सूचना नं.: राजस्व - १८/०८३/८४

सुन्दरहरैंचा नगरपालिका वडा नं. ९ स्थित बुधबारे कृषि बजार भवनमा रहेका देहाय (तपसील) बमोजिमका सटर/कोठा भाडामा लिई सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म, संघ/संस्था तथा कम्पनीहरूलाई यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र यस नगरपालिकाको राजस्व शाखाबाट नियमानुसार रु. १,०००।– (फिर्ता नहुने गरी) दस्तुर तिरी बोलपत्र फाराम खरिद गरी २१ औं दिनको १२:०० बजेभित्र तपसीलमा उल्लिखित शर्तको अधीनमा रही नियमानुसार सिलबन्दी बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बोलपत्र पेस गर्दा पालना गर्नुपर्ने शर्तहरू:**

१. इच्छुक बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म/कम्पनी/संस्थाको हकमा प्रचलित कानुन बमोजिम नवीकरण गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्र तथा आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र संलग्न गरी निवेदन दिई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. एउटा बोलपत्र फारामबाट एकभन्दा बढी सटरका लागि बोलपत्र भर्न पाइने छैन। एउटै बोलपत्रदाताले एउटै सटरका लागि आफ्नो वा अरूको नामबाट एकभन्दा बढी बोलपत्र पेस गरेमा निजको बोलपत्र अयोग्य मानिनेछ।

३. बोलपत्र फाराम साथ बोलपत्रदाताले कबोल गरेको दुई वर्षको रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटीवापत यस नगरपालिकाको धरौटी खाता नं. ०६०१५०११४७६३००३० (कृषि विकास बैंक, विराटचौक शाखा) मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको वाणिज्य बैंक वा संस्थाबाट जारी भएको बैंक जमानत पेस गर्नुपर्नेछ। दुईवर्ष पछी सम्झौता नविकरण गर्दा पुनः अर्को दुईवर्षको कवोल अंकको धरौटी जम्मा गर्नुपर्नेछ।

४. रीतपूर्वक भरिएको र बोलपत्र फारामा तोकिएका कागजात संलग्न भएको सिलबन्दी बोलपत्र बुझाउने अन्तिम दिनको १२:०० बजेभित्र यस नगरपालिकाको राजस्व शाखामा दर्ता गर्नुपर्नेछ। सिलबन्दी खामको बाहिरपट्टि जुन सटरका लागि बोलपत्र पेस गरिएको हो, सो ब्लक तथा सटर नम्बर स्पष्ट खुलाएको हुनुपर्नेछ।

५. बोलपत्र बुझाउने म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको १२:०० बजेभित्र दर्ता गर्न सकिनेछ।

६. बोलपत्र बुझाउने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा सम्बन्धित बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहबरमा वा अनुपस्थितिमा पनि बोलपत्र खोलिनेछ।

७. बोलपत्रमा उल्लेख गरिएको कबोल रकम अङ्क र अक्षर दुवैमा स्पष्टसँग लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

८. म्याद नाघेर आएका, शर्त सहितका तथा रीत नपुगेका र यस कार्यालयबाट जारी नभएको बोलपत्र फारामबाट पेस भएका बोलपत्र उपर कुनै किसिमको कारबाही हुने छैन।

९. कबोल अङ्क तपसीलमा उल्लिखित न्यूनतम मासिक भाडा रकमभन्दा घटी हुने गरी पेस भएको बोलपत्र स्वतः अस्वीकृत हुनेछ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

११. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना नियमानुसार प्रकाशन/सूचना पाटीमा टाँस गरिनेछ।

१२. स्वीकृत बोलपत्रदाताले आशयको सूचना प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न आउनुपर्नेछ। सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी दोस्रो सबैभन्दा बढी कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि बोलाइनेछ।

१३. सम्झौताको अवधि ५ (पाँच) वर्षको हुनेछ। बहाल रकम प्रत्येक २ (दुई) वर्षमा १० (दश) प्रतिशतका दरले वृद्धि हुनेछ।

१४. मासिक भाडा रकम प्रत्येक महिनाको ५ गतेभित्र नगरपालिकाको राजस्व खातामा बुझाउनुपर्नेछ। तोकिएको समयभित्र नबुझाएमा प्रचलित कानुन बमोजिम विलम्ब शुल्क लाग्नेछ।

सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

गणेशराज ...
प्रमुख प्रशासकीय अधिकृत

१५. विद्युत् तथा खानेपानीको महसुल सम्बन्धित बहालवालाले सब–मिटर जडान गरी प्रयोगका आधारमा प्रचलित दर अनुसार आफैँ व्यहोर्नुपर्नेछ।

१६. सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा शौचालय व्यवस्थापन सम्बन्धी व्यवस्था बजार व्यवस्थापन समिति मार्फत स्वीकृत बजार सञ्चालन कार्यविधि बमोजिम हुनेछ र सोको शुल्क बहालवालाले व्यहोर्नुपर्नेछ।

१७. कृषि प्रयोजनका लागि तोकिएका सटरमा कृषिजन्य वस्तुबाहेक अन्य वस्तुको कारोबार गर्न पाइने छैन। तोकिएको प्रयोजनविपरीत प्रयोग गरेको पाइएमा सम्झौता स्वतः रद्द भई धरौटी जफत गरी कानुन बमोजिम कारबाही समेत हुनेछ।

१८. बहालमा लिएको सटर अर्को व्यक्ति/फर्मलाई सट्टा–बहाल (Sub-lease) मा दिन वा हक हस्तान्तरण गर्न पाइने छैन।

१९. यस सूचनामा उल्लेख नभएका विषयहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७, यस नगरपालिकाको आर्थिक ऐन, बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

२२. बोलपत्रदाताले बोलपत्र फाराममा उल्लिखित सम्पूर्ण शर्तहरू पालना गर्नुपर्नेछ।

२३. थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस नगरपालिकाको राजस्व शाखा, विराटचोक, मोरङ मा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | बोलपत्रको विवरण / कारोबारको किसिम | सञ्चालनमा लगाउने संरचनाको विवरण | सटर नं. | मासिक न्यूनतम भाडा रकम (घर बहाल कर सहित) |
|---|---|---|---|---|
| १ | कृषि उपजको कारोबार | बुधबारे कृषि बजार, ब्लक B को भुइँतलाभित्रको सटर | सटर नं. २२–३३ गरी १२ कोठा,<br>सटर नं. ९०–१०० गरी<br>जम्मा ११ वटा<br>कुल जम्मा- २३ सटर कोठा | भुई तलाः रु. १९,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी उन्नाईस हजार रुपैया मात्र) |
| २ | कृषि उपजको कारोबार | बुधबारे कृषि बजार, ब्लक E को भुइँतलाभित्रको सटर | सटर नं. ३४,३५, ३६, ३७ गरी सिङ्गल सटर कोठा ४ वटा। | भुई तलाः रु. १९,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी उन्नाईस हजार रुपैया मात्र) |
| ३ | गैरकृषि सरसामान/पसल/वित्तिय संस्था/संघ संस्था/कम्पनी/सेवामूलक व्यवसाय | बुधबारे कृषि बजार, ब्लक A भित्रको सटर | **भुई तला**<br>सटर नं. १, ४, ७ गरी सिङ्गल सटर ३ कोठा, सटर नं. (२,३), (५,६) र (८,९) गरी डबल सटर ३ वटा कोठा।<br>**प्रथम तला**<br>सटर नं. ६९-७७ (६ | भुई तलाः रु. १९,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी उन्नाईस हजार रुपैया मात्र)<br>प्रथम तलाः रु. १४,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी चौध हजार रुपैया मात्र)<br>हलको हकमा कति कोठाबराबरको हल हो सोही बमोजिम भाडा हुनेछ। |

गणेशराज ...
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | बोलपत्रको विवरण / कारोबारको किसिम | सञ्चालनमा लगाउने संरचनाको विवरण | सटर नं. | मासिक न्यूनतम भाडा रकम (घर बहाल कर सहित) |
|---|---|---|---|---|
| | | | कोठा बराबरको १ हल) | |
| ४ | गैरकृषि सरसामान/पसल/वित्तिय संस्था/संघ संस्था/कम्पनी/सेवामूलक व्यवसाय | बुधबारे कृषि बजार, ब्लक B भित्रको सटर | <u>**प्रथम तला**</u><br>सटर नं. (४५, ४६, ४७, १०१, १०२, १०३) को ६ कोठा बराबरको हल, सटर नं. ४८ सिङ्गल सटर कोठा १ वटा , (४९, ५०, १०४, १०५) को ४ कोठा बराबरको हल, सटर नं. ५१, ५२, ५४ सिङ्गल सटर कोठा ३ वटा , (५५,५६, ११०,१११) को ४ कोठा बराबरको हल, सटर नं. १०६, १०७, १०९ सिङ्गल सटर कोठा गरी **जम्मा ७ वटा सिङ्गल सटर कोठा र ३ हल।** | भुई तलाः रु. १९,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी उन्नाईस हजार रुपैया मात्र)<br>प्रथम तलाः रु. १४,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी चौध हजार रुपैया मात्र)<br>हलको हकमा कति कोठाबराबरको हल हो सोही बमोजिम भाडा हुनेछ।<br>***सटर नं. ५३, १०८ को २ कोठा बराबर प्यासेज भएकोले कबोल गर्न नमिल्ने।*** |
| ५ | गैरकृषि सरसामान/पसल/वित्तिय संस्था/संघ संस्था/कम्पनी/सेवामूलक व्यवसाय | बुधबारे कृषि बजार, ब्लक B1 भित्रको सटर | <u>**प्रथम तला**</u><br>सटर नं. ५७, ५८, ५९, ६०, ६२, ६३, ६४ को सिङ्गल सटर ७ वटा कोठा, सटर नं. (६१, ११६) को २ कोठा बराबरको हल, सटर नं. ११२, ११३, ११४, ११५, ११७, ११८, ११९ को सिङ्गल सटर ७ वटा कोठा गरी जम्मा १४ वटा सिङ्गल सटर कोठा तथा २ कोठा बराबरको १ हल | भुई तलाः रु. १९,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी उन्नाईस हजार रुपैया मात्र)<br>प्रथम तलाः रु. १४,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी चौध हजार रुपैया मात्र)<br>हलको हकमा कति कोठाबराबरको हल हो सोही बमोजिम भाडा हुनेछ। |

गणेशराज ...
प्रमुख प्रशासकीय अ...

| क्र.सं. | बोलपत्रको विवरण / कारोबारको किसिम | सञ्चालनमा लगाउने संरचनाको विवरण | सटर नं. | मासिक न्यूनतम भाडा रकम (घर बहाल कर सहित) |
|---|---|---|---|---|
| | | | **भुई तला**<br>सटर नं. १४-२१ को सिङ्गल सटर ८ वटा कोठा, सटर नं. ८२-८९ को सिङ्गल सटर ८ वटा कोठा गरी जम्मा १६ कोठा<br>**कुल जम्मा- ३० सिङ्गल सटर कोठा र २ कोठा बराबरको १ वटा हल।** | |
| ६ | गैरकृषि सरसामान/पसल/वित्तिय संस्था/संघ संस्था/कम्पनी/सेवामूलक व्यवसाय | बुधबारे कृषि बजार, ब्लक B2 को सटर/कोठा | **प्रथम तला**<br>सटर नं. ६५, ६६, ६७, १२०, १२१, १२२ र १२३ गरी सिङ्गल सटर ७ वटा कोठा<br>**भुई तला**<br>सटर नं. १०, ११, १२, १३, ७८, ७९, ८०, ८१ गरी ८ वटा सिङ्गल सटर कोठा<br>***प्रथम तलाको सटर नं. ६८ सर्भर रुम भएकोले कबोल गर्नु नपर्ने।*** | भुई तलाः रु. १९,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी उन्नाईस हजार रुपैया मात्र)<br>प्रथम तलाः रु. १४,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी चौध हजार रुपैया मात्र)<br>हलको हकमा कति कोठाबराबरको हल हो सोही बमोजिम भाडा हुनेछ। |
| ७ | गैरकृषि सरसामान/पसल/वित्तिय संस्था/संघ संस्था/कम्पनी/सेवामूलक व्यवसाय | बुधबारे कृषि बजार, ब्लक E को सटर/कोठा | **प्रथम तला**<br>सटर नं. (३८, ३९) को डबल सटर कोठा १ वटा, सटर नं. ४०, ४१, ४२ को सिङ्गल सटर कोठा ३ वटा र (४३, ४४) को २ कोठा | भुई तलाः रु. १९,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी उन्नाईस हजार रुपैया मात्र)<br>प्रथम तलाः रु. १४,०००।– प्रति सटर कोठा प्रति महिना (अक्षरुपी चौध हजार रुपैया मात्र) |

गणेशराज ...
प्रमुख प्रशासकीय अधिकृत

# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

| क्र.सं. | बोलपत्रको विवरण / कारोबारको किसिम | सञ्चालनमा लगाउने संरचनाको विवरण | सटर नं. | मासिक न्यूनतम भाडा रकम (घर बहाल कर सहित) |
|---|---|---|---|---|
| | | | बराबरको हल १ गरी जम्मा **४ वटा कोठा र १ वटा हल।** | हलको हकमा कति कोठाबराबरको हल हो सोही बमोजिम भाडा हुनेछ। |

सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

गणेशराज ... प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

कार्यक्रमको नामः  बुधवारे बजारका सटर भाडा ।

ठेगानाः सुन्दरहरैंचा नगरपालिका

आ.व. ०८३/८४

ठेक्का संकेत नं. राजश्व १८/०८३/८४

## सटरभाडा सम्वन्धी शिलवन्दी बोलपत्र/दरभाउपत्र फाराम ।

| क.सं. | विवरण | सटर नं. | कवोल अंक मासिक | | कवोल अंक दुई वर्षको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| | | | | | | | |

कबोलकर्ता व्यक्ति/फर्म/कम्पनीको नामः-

मोवाईल नम्बरः-

ईमेल ठेगानाः-

हस्ताक्षरः-

पेश गर्ने फर्म/कम्पनीको छाप

सुन्दरहरैंचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मोरङ, कोशी प्रदेश, नेपाल
२०७३

गणेशराज ...
प्रमुख प्रशासकीय अ...

कार्यक्रमको नामः  बुधवारे बजारका सटर भाडा ।

ठेगानाः सुन्दरहरैंचा नगरपालिका

आ.व. ०८३/८४

ठेक्का संकेत नं. राजश्व १८/०८३/८४

## सटरभाडा सम्वन्धी शिलवन्दी बोलपत्र/दरभाउपत्र फाराम ।

| क्र.सं. | विवरण | सटर नं. | कवोल अंक मासिक | | कवोल अंक दुई वर्षको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| | | | | | | | |

कबोलकर्ता व्यक्ति/फर्म/कम्पनीको नामः-

मोवाईल नम्बरः-

ईमेल ठेगानाः-

हस्ताक्षरः-

पेश गर्ने फर्म/कम्पनीको छाप